## आवधिक गाउं विकास योजना :
## व्यवस्थित ग्रामीण विकासको अवसर र स्थानीय निकायको रेड बुक



नगेन्द्रबहादुर थापा

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ४३ ,१११ र १९५ मा क्रमस गाउं विकास समिति,नगरपालिका र जिल्ला विकास समितिले आफ्नो क्षेत्रको योजनाबद्ध विकासका लागि आवधिक गाउं विकास योजना तर्जुमा गर्नु पर्ने व्यवस्था उल्लेख गरिएको छ । जसको सफल तर्जुमाले विकेन्द्रिकरणलाई संस्थागत गर्नुका साथै स्थानीय विकासको योजनाबद्ध रुपरेखाको मार्ग निर्देशन मात्र होईन विकासको स्थानीयकरण गरि विकासका सम्भावनाहरुलाई नागरिकको घरदैलो सम्म पुर्याउन एक महत्पूर्ण निर्देशनको रुपमा काम गर्दछ । स्थानीय निकायको रेड बुकको रुपमा परिभाषित यो दस्तावेज केहि स्थानीय निकायले आफ्नो श्रोत र साधनको परिचालन गरि तर्जुमा गरे पनि सबैले यसको तर्जुमा नगरेको विद्यमान अवस्था छ ।

हाल मध्यपश्चिम लगायत सुदुरपश्चिमका अधिकास जिल्लाका गाबिसहरुमा आवधिक योजना तयार भई कार्यान्वयनको चरणमा रहेकाछन् भने केहि निर्माणाधिन अवस्थामा छन् । लिंक हेल्भेटास स्वीस इन्टरकोअपरेशन नेपालको सहयोगमा निर्माण भईरहेका जाजरकोट, कालिकोट, दैलेख, अछाम, जुम्ला, मुगु, बाजुरा, डोटी, बांके लगायतका जिल्लाहरुका करिब २२० बटा गाविसमा आवधिक योजना निर्माण भई हाल कार्यान्वयनको अवस्थामा रहेका छन् भने मध्य तथा सुदुरपश्चिमका केहि जिल्लामा अर्झै निर्माणकै चरणमा रहेकाछन् ।



आवधिक गाउं विकास योजना निर्माणको लागि क्षमता विकास तालिम भैरीकालिकाथुम गाविस

गाउं विकास समितिको आयोजना,जिल्ला विकास समितिको समन्वयमा निर्माण हुने आवधिक योजनाको निर्माण चरणका करिब ८ बटा पाईलाहरु संचालन गरे पछि आवधिक योजनाको लिखित दस्तावेजको पाण्डुलिपि गाविसको एकिकृत योजना तर्जुमा समिति मार्फत अनुमोदन भई प्रकाशन गर्ने परिपाटि रहेकोछ । यसरी निर्माण भई प्रकाशनमा ल्याएको दस्तावेजलाई स्वीकृतिको लागि गाविसको गाउं परिषदमा पेश गरि यसको स्वीकृती पश्चात गाविसमा काम गर्ने बिकास साझेदार निकाय र गाविस स्वयमले यसमा प्रस्ताव गरिएका क्रियाकलापहरुलाई कार्यान्वयन गर्नु पर्ने आवधिक गाउं विकास योजनामा प्रतिबद्धता गरिएको हुन्छ ।





आवधिक गाउं विकास योजनाको दस्तावेज अनुमोदन कार्यक्रम कार्यक्रम विन्ध्यावासिनी

गाउं विकास समितिको बार्षिक आन्तरिक ,बाह्य र नेपाल सरकारबाट प्राप्त हुने पूजीगत श्रोत समेतलाई आंकलन गरि निर्माण गरिने आवधिक योजनाले गाविसमा बार्षिक रुपमा परिचालन हुने बिकास बजेटको लेखाजोखा समेत गर्ने गर्दछ भने गाविसको आन्तरिक आम्दानी बृद्धिका सम्भावनाहरुको समेत खोजी गर्ने बातावरणको श्रृजना गर्दछ ।

दैलेख भैरिकालिकाथुम गाविसका पूर्व गाविस अध्यक्ष जग्यबहादुर शाहीको भनाईमा यो गाविसका सबै योजनाको लागि गुरु योजना हो । बहुदलिय प्रजातन्त्रको प्राप्ती पश्चात भएका दुई दुई बटा स्थानीय निकाय निर्वाचनमा गाविस अध्यक्षमा निर्वाचित शाहीले गाविसको नेतृत्व गरे पनि गाविस तहको योजना निर्माण गर्नमा आफुलाई साधन श्रोतले साथ नदिएको शाही बताउछन् । भैरीकालिकाथुम गाविसको आ.व.२०७०/०७१ मा तर्जुमा भएको गाविसको ५ बर्षिय गाउं विकास आवधिक योजना तर्जुमाका सम्पूर्ण चरणहरुमा सहभागिता जनाएका शाहीले यसरी योजना तर्जुमामा गरिएको अभ्यासमा आफू अहिले सम्म सहभागि नभएको बताय । आवधिक योजना सम्पूर्ण योजनाहरुको गुरु योजना भएको शाही बताउछन् । यो त योजनाहरुको एउटा डालो नै रहेछ यसलाई कार्यान्वयनमा लैजान सम्पूर्ण विकास साझेदार निकायहरुले पनि एउटै रोडम्याप बनाएर गाविसमा आउनु पर्छ उनी भन्छन् विकास साझेदार निकायले कार्यान्वयन तहमा चासो देखाएन भने यो खाली किताबमा मात्र सिमित हुने शाहीको धारणा छ ।

शाहीको भनाईलाई सापट लिने हो भने आवधिक गाउं विकास योजना गांउ विकास समितिमा आगामी बर्षहरुमा गर्ने क्रियाकलापहरुको स्पष्ट कार्ययोजना भएको एउटा किताब मात्र हो । कार्यान्वयन नभए गाविसको कुनै एउटा दराजमा मात्र सिमित हुन्छ । गाविसमा हुने विकास निर्माणका कार्यगत प्रक्रियालाई एकद्वार प्रणालीमा लैजान सक्ने माध्यामको रुपमा हेरिएको गाउ बिकास आवधिक योजनालाई सरोकारवाला निकाय र सेवाग्राही दुवै

आत्मसाथ गरेर हिड्नु जरुरी छ। गांउ विकास
वधिक योजना स्थानीय विकासको जग मात्र नभई
स्थाब्दी विकास लक्ष्यका सूचकहरु हासिल गर्ने
टा सशक्त माध्यम भएको धारणा लिंक हेल्भेटास
सि इन्टरको अपरेशन नेपालका दैलेख स्थित
ल्ला कार्यक्रम संयोजक शिल्पा कुंवरको रहेको
। कुंवरका अनुसार आवधिक गांउ विकास योजना
र्माण गर्दा राष्ट्रियस्तरका विकासका सूचक र
थमिकता,जिल्लाका विकासका सूचक संग गांउ
कास आवधिक योजनाको तालमेल मिलाउन जरुरी
छ।

पछिल्लो समयमा नेपालमा काम गरिरहेका केहि विकास साझेदार निकायहरुले स्थानीय निकायहरुको आवधिक गांउ विकास योजना निर्माणका लागि सहयोग गरिरहेको अवस्था सरकारी निकायबाट पनि ऐनमा भएको व्यवस्थालाई स्थानीयकरण गराउन नीतिगत पहल र रणनीतिहरु निर्माण भएको सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका उपसचिव रमेश अधिकारीको भनाई रहेको छ।

## आगामी पाँच वर्षमा देशभर आवधिक योजना बन्छन्

- रमेश अधिकारी, उपसचिव
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय



संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका उपसचिव तथा योजना शाखाका प्रमुख रमेश
धिकारीले आगामी ५ वर्षभित्र देशभर आवधिक योजना निर्माण हुने बताउनुभएको छ। मध्यपहाड राष्ट्रिय
सिकसंग कुरा गर्दै अधिकारीले स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ बमोजिम २०५८
ल देखि गाविस तथा नगरपालिकामा आवधिक योजना निर्माणको सुरुवात गर्ने भनिए पनि विभिन्न कारणले
प्रक्रिया सुचारु हुन सकेको थिएन। हाल जाजरकोट, कालिकोट, दैलेख, अछाम, बाजुरा, बाँके, मुगु, जुम्ला
ायतका जिल्लामा आवधिक योजना निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने दाङ, सुर्खेत, बांके, बर्दिया
ाली र कञ्चनपुर जिल्लामा आबधिक योजना निर्माण कार्य सुरु भइसकेको छ। २०७१ बैशाखदेखि सुरु भएको
वधिक योजना निर्माण कार्य २०७२ असारदेखि सबै जिल्लामा सुरु हुने र १९१ वटै नगरपालिकामा पनि आवधिक
जना निर्माणका लागि शहरी विकास मन्त्रालयसंग समन्वय भइरहेको अधिकारीको भनाइ छ। आवधिक योजना
र्माण प्रक्रियामा विज्ञहरू, जनप्रतिनिधिहरू, सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रतिनिधिहरू, राजनीतिक
ाका प्रतिनिधिहरूका साथै सबैभन्दा बढी जनसहभागिता जुटाउने कार्य गरी सरोकारवाला निकायलाई जिम्मेबारी
े काम गरिन्छ। आवधिक योजना निर्माण प्रक्रियामा विभिन्न कार्यक्रममा लगातार ३/४ महिना उपस्थित भइ
योग गरिदिन पनि सरोकारवाला निकायलाई मन्त्रालय अनुरोध गर्न चाहन्छ। आवधिक योजना निर्माणको कार्य
 जिल्लामा सुरु भएको छ।

विकासको थलो व्यवस्थित नभएको गांउ
कास समितिहरुमा के गर्ने भन्ने स्पष्ट योजनाको
वस्थित खाका नै छैन। विगतमा के थियो त्यसको
त व्यवस्थित समिक्षा छ न त भविष्यमा के गर्ने
न्ने स्पष्ट योजना र रणनीति नै छ पार्य गांउ विकास
मितिमा। विकास संग सम्वन्धित सूचकहरुलाई
वस्थित गरि दिर्घकालिन विकासका सोच र
कार्यान्वयनका रणनीतिहरु निर्माण गर्ने र आगामी वर्षमा के गर्ने भन्नेकुराहरुलाई परिभाषित गर्ने स्थानीय निकायको विकासको दस्तावेज हो आवधिक योजना। जसको सफल तर्जुमा र कार्यान्वयनका लागि सबै विकास सरोकारवालाहरुले समान धारणा बनाउन जरुरीछ।



# सामान्यज्ञान

प्रस्तुति : उदयराज उपाध्याय
इमेल : nepaludaya@gmail.com
फेसबुक : udaya raj upadhyaya

१. दक्षिण अफ्रिकाको रङभेद बिरोधी विश्वप्रसिद्ध नेता नेल्सन मण्डेला २७ बर्ष जेल बस्ने क्रममा उनलाई कति बर्ष ढुङ्गा फोड्न लगाइयो ?
- १८ बर्ष

२. जर्मन संसदको तल्लो सभालाई के भनिन्छ ?
- बुन्डेस्टग

३. पादरी ग्रुबर नेपाल आउँदा कान्तिपुरका राजा को थिए ?
- प्रताप मल्ल

४. आम आदमी पार्टीका नेता अरविन्द केजरीवालले दिल्लीको मुख्य मन्त्रीका रूपमा कहिले सपथ लिएका थिए ?
- सन् २०१३ डिसेम्बर २८

५. दोस्रो संविधानसभाका सबैभन्दा कान्छी सदस्य को हुन् ?
- सरिता कुमारी यादव- २५ बर्ष (फोरम गणतान्त्रिक पार्टी

६. काठमाडौं दिल्ली बस सेवा कहिले देखी सुरु भयो ?
- वि.सं. २०७१/८/९

७. भारत सरकारको सहयोगमा निर्माण गरिएको ट्रमा सेन्टर भवन नेपाल सरकारलाई कहिले हस्तान्तरण गरियो ?
- वि.सं २०७१/८/९

८. १८ औं सार्क शिखर सम्मेलनले कति बुँदे घोषणापत्र जारी गर्‍यो ?
- ३६ बुँदे

९. भारतका हालका राष्ट्रपति प्रणव मुखर्जी हुन् भने उपराष्ट्रपति को हुन् ?
- हमिद अन्सारी

१०. नेपालका ३७ औं प्रधानमन्त्रीका रूपमा नेपाली कांग्रेसका नेता सुशील कोइराला कहिले निर्वाचित भए ?
- २०७० मा

११. संसारकै सबैभन्दा बढी जनघनत्व
मुलुक कुन हो ? जहां करिब साढे सात
मानिस एक बर्ग किमि क्षेत्रमा बस्ने ग
- नि

१२. नेपालका परराष्ट्रसचिव अर्जुन बहादुर
सार्क महासचिबको पदभार कहिले सम्
हुन् ?
- सन् २०१४ मार्च

१३. नेपालको कुन स्थानमा 'फिल्म सिटी' नि
गरिने भएको छ ?
- दोलखाको लाकुरी डांडास्थित डाइडुङे

१४. "चिबा" गुरुङ भाषाको शब्द हो भने
अर्थ के हो ?
-

१५. नेपालको कुन एफ.एम. रेडियोले हरेक
गीत प्रसारण गरे बापत् आधिकारिक
स्रष्टालाई रोयल्टी अर्थात् सम्मान रक
गर्दछ ?
- रेडियो

१६. पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले सुन्
जेलमा छँदा लेखेको डायरीमा आ
पुस्तकको नाम के हो ?
- नोट्स फ्रम

१७. नयां बर्षमा तराईबासीले मनाउने पर्व
?
- सिरु

१८. चेतन भगतको उपन्यास "द थ्रि मिस्टेक
माइ लाइफ" मा आधारित बलिउडको
फिल्म कुन हो ?
- काई